सङ्घीय संसद्
राष्ट्रिय सभा
एक्काइसौं अधिवेशन
बैठक-४९
सूचनापत्र-२

बैठक प्रारम्भः १:२३ बजे
बैठक स्थगितः ३:०० बजे
बैठक पुनःप्रारम्भः ३:४२ बजे
बैठक स्थगितः ४:४० बजे

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

नेपाल सम्वत्:- ११४६ २०८३ असोज ८ गते बिहीबार

सङ्घीय संसद्, राष्ट्रिय सभाको एक्काइसौं अधिवेशनको उनन्पचासौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२३ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले **शून्य समयमा** बोल्नका लागि प्राप्त भएको नामावली अनुसार देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य जगत बहादुर पार्कीले विभिन्न पदहरुमा नियुक्ति तथा कर्मचारीहरुको सरुवामा लेनदेन भएको भनी माननीय कृषि, वन तथा पर्यावरण मन्त्री तथा गृहमन्त्री समेत जोडिएको भनि सार्वजनिक अडियोको गम्भिरतापूर्वक छानबिनका लागि ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य तुल प्रसाद विश्वकर्माले भोटेकोशी बाढीमा प्रभावितलाई प्रभावकारी रुपमा राहत वितरण तथा राष्ट्रिय सभामा समेत विपद् सम्बन्धी संसदीय विशेष समिति गठनको माग गर्नुभयो।

माननीय सदस्य नर बहादुर विष्टले चौकुने गाउँपालिकामा भएको समाजिक अपराधका घटनाको चर्चा गर्दै सर्पदंसका कारण नागरिकले ज्यान गुमाइरहेकाले औषधी, खोप तथा सर्पदंस केन्द्रको स्थापनको माग गर्नुभयो।

माननीय सदस्य भुवन बहादुर सुनारले राजनीतिक विश्लेषक भरत दाहाललाई पक्राउ गरेकोमा विरोध जनाउँदै सरकार अलोकतान्त्रिक र अधिनायकवादी बाटोमा हिड्न खोजेको जिकीर गर्नुभयो।

माननीय सदस्य मदन कुमारी शाह (गरिमा)ले जापानका लागि प्रस्तावित राजदूतले उक्त मुलुकको स्थायी आवासीय अनुमति लिएको विषयलाई स्पष्ट पार्न एवम् राष्ट्रिय सभामा समेत संसदीय विशेष समिति गठनको माग गर्नुभयो।

माननीय सदस्य युवराज शर्माले सरकार आफ्नै गतिविधिका कारण असफलतातर्फ उद्धत भएको उल्लेख गर्दै समयमै कार्यशैली सुधार गर्न ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे त्रिपुरेश्वरमा भएको सार्वजनिक बस आगजनीको घटना उल्लेख गर्दै सुरक्षा निकायले विवाद समाधानमा संवाद गरी निर्णय लिनुपर्ने उल्लेख गर्नुभयो।

माननीय सदस्य सुरेश कुमार आलेमगरले भोटेकोशी बाढीको पूर्ण विवरण सार्वजनिक नहुँदै अन्य विपद्का घटनाहरुको प्रक्षेपण भइरहेको उल्लेख गर्दै जलवायू परिवर्तनका कारण विपद्जन्य गतिविधि बढिरहेकाले समाधानका लागि आदिवासीहरुसँग रहेको ज्ञान, सीप तथा अनुभवको उपयोग गर्नुपर्ने बताउनुभयो।

माननीय सदस्य सोनाम गेल्जेन शेर्पाले अत्यावश्यक वस्तुहरुको सहज आपूर्ती तथा बजारलाई नियमन गर्न एवम् मौसम विभागको पूर्वानुमान अनुरुप बाढी पहिरोबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरणका लागि आवश्यक कदम चाल्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **विशेष समयमा** बोल्नका लागि दलीय आधारमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य खम्म बहादुर खातीले भोटेकोशी बाढीसँग सम्बन्धित संसदीय विशेष समितिमा राष्ट्रिय सभाका सदस्यहरु समेतको प्रतिनिधित्व हुनुपर्ने उल्लेख गर्दै जेन-जी आन्दोलन पश्चात गठित सरकारले आफ्नो प्रतिबद्धता अनुरुप कार्य गर्न नसकेको बताउनुभयो। सुशासन, रोजगारी सृजना, भ्रष्टाचार नियन्त्रण, प्रभावकारी सेवा प्रवाह, पारदर्शिता, संस्थागत सबलीकरण, सामाजिक सञ्जालको व्यवस्थित प्रयोग लगायतका विषयमा सरकारले ध्यान दिनुपर्ने बताउनुभयो। प्राथमिकताका आधारमा कानून निर्माण एवम् प्रभावकारी कार्यान्वयन मार्फत परिणाम देखिनुपर्ने जनाउँदै संविधान संशोधनमा सर्वदलीय सहमती तथा सहकार्य कायम गर्नुपर्ने उल्लेख गर्नुभयो। सङ्घीय संसद्को अधिवेशन अन्त्यको समय नजिकिँदै गर्दा निजामती, शिक्षा लगायत महत्वपूर्ण विधेयक दर्ता हुन नसकेको तथा अध्यादेशमार्फत कानून आउने चर्चा एवम् प्रस्तावित प्रावधानहरुको बारेमा आलोचना गर्दै महत्वपूर्ण कानून निर्माण हुँदा सङ्घीय संसद्मा वृहत छलफल हुनुपर्ने लगायत विषयमा धारणा व्यक्त गर्नुभयो।

माननीय सदस्य नर बहादुर विष्टले भोटेकोशी बाढी पश्चात सङ्घीय संसद् अन्तर्गत गठित संसदीय विशेष समितिमा दुवै सदनका सदस्य रहनुपर्नेमा राष्ट्रिय सभालाई उपेक्षा गरिएको उल्लेख गर्दै राष्ट्रिय सभामा समेत विशेष समिति गठन गर्न आह्वान गर्नुभयो। कारागार कार्यालय तथा राष्ट्रिय निकुञ्जमा कर्मचारी व्यवस्थापन गर्दा लेनदेन भएको भनि सार्वजनिक अडियोको छानबिनको माग गर्दै सरकारको सुशासनप्रतिको प्रतिबद्धतामा प्रश्न उठाउनुभयो। प्रधानमन्त्री संयुक्त राष्ट्रसंघको भ्रमणमा जाने क्रममा विदाइको परम्परा उल्लङ्घन गरेको, औपचारिक पोशाकलाई वेवास्ता गरेको, अनावश्यक प्रचारबाजीमा लागेको, कुटनीतिक भेटवार्ताका लागि पहल नगरेको लगायतका विषयमा धारणा व्यक्त गर्नुभयो। भोटेकोशी बाढी पश्चात सङ्कलित राहत रकमको प्रभावकारी वितरण तथा पुनर्निर्माणलाई गति दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य सोनाम गेल्जेन शेर्पाले नेपालमा रहेका हिमतालको विवरण उल्लेख गर्दै जोखिमयुक्त हिमताल सम्बन्धी परम्परागत अनुसन्धान पर्याप्त नुहुने बताउनुभयो। अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत हुँदा नेपालका प्रतिनिधिहरुको कमजोर आन्तरिक गृहकार्यका कारण जलवायू परिवर्तनबाट हाम्रा हिमालमा परेको प्रभावको बारेमा प्रभावकारी ढंगले आवाज उठाउन नसकिएको उल्लेख गर्दै संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमणले यसमा सहयोग पुगेको बताउनुभयो। सोलुखुम्बुको थामेमा गएको पहिरो सम्बन्धी विपद्को प्रतिवेदन तयार गर्न ६ महिना लागेको उल्लेख गर्दै हाम्रो प्रणाली एवम् कर्मचारीतन्त्रको कार्यशैलीप्रति आलोचना गर्दै भोटेकोशी बाढीको विस्तृत विवरण समयमै तयार हुनुपर्ने जनाउनुभयो। बाढी प्रभावित तीन तहका सरकारको समन्वयमा नगद सहायता प्रदान गर्ने, वास्तविक पीडितलाई राहत वितरण गर्नुपर्ने उल्लेख गर्दै व्यवस्थित वस्ती विकास एवम् संरचना निर्माणमा वहस गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

माननीय सदस्य पुजा चौधरीले त्रिपुरेश्वर चोकमा बसमा आँफै आगजनी गरी मृत्यु भएका अर्जुन दोम तामाङ, आत्मदाह गरेका गणेश नेपाली, भक्तपुरको सुकुम्बासी होल्डिङ् सेन्टरमा आत्महत्या गरेका हिरालाल पासवानको उदाहरण दिँदै कानून कार्यान्वयनका क्रममा नागरिकमाथि सृजना हुने मानसिक दवावलाई सरकारले गम्भिरतापूर्वक लिनुपर्ने बताउनुभयो। मानसिक स्वास्थ्यको अवस्था एवम् महत्तवबारे उल्लेख गर्दै प्रणालीगत सुधार तथा नागरिकको जीवनलाई सहज बनाउनु सरकारको दायित्व रहेको

बताउनुभयो। भोटेकोशी बाढी सम्बन्धी संयुक्त संसदीय विशेष समिति बन्नुपर्नेमा त्यसो हुन नसकेकाले राष्ट्रिय सभामा पनि संसदीय विशेष समिति गठनको माग गर्नुभयो।

माननीय सदस्य धर्मेन्द्र पासवानले भोटेकोशी बाढी सम्बन्धी संसदीय विशेष समितिमा राष्ट्रिय सभाका सदस्य समेत समेटिनुपर्ने बताउनुभयो। मुलुककको अर्थतन्त्र एवम् घर परिवारमा प्रमुख भूमिका रहने महिलाहरुमा रहेको पाठेघर खस्ने समस्या सम्बन्धी विवरण उल्लेख गर्दै मधेश प्रदेशमा राष्ट्रिय औसत भन्दा थप चिन्ताजनक अवस्था रहेको बताउनुभयो। उक्त समस्या समाधानका लागि प्रसुति भएका विशेषतः गरिव, दलित र असहाय महिलालाई कम्तिमा ४० दिन पोषणयुक्त खाना उपलब्ध गराउन, प्रसुती हुने महिलालाई ५० हजारको दरले शुभकामना भत्ता उपलब्ध गराउने लगायतका विषय उजागर गर्नुभयो। राष्ट्रिय सभाका सदस्यले उठाएका विषय सम्बोधनमा सरकार उदासिन देखिएको उल्लेख गर्दै आफ्नो स्पष्ट धारणा एवम् भइरहेका काम कारबाहीबारे जानकारी गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले भोटेकोशी बाढी सम्बन्धी संसदीय समिति गठनमा प्रतिनिधि सभा एकलौटी ढंगले अगाडी बढेकाले राष्ट्रिय सभामा संसदीय विशेष समिति गठनको माग गर्नुभयो। भोटेकोशी बाढीमा प्रभावित नागरिकको उद्धारमा ढिलाइ, अन्तर्राष्ट्रिय सहयोग ढिलो गरी लिने सरकारको निर्णय, राहत वितरण, डि.एन.ए परीक्षण लगायतमा सरकार असफल भएको जिकिर गर्दै क्षतिको वास्तविक विवरण सङ्कलन एवम् प्रभावित नागरिकलाई आधारभूत सुविधाको व्यवस्थापन तथा पुनर्निमाण र पुनःस्थापनाका लागि माग गर्नुभयो। विगत ३५ वर्षमा भएका विकासात्मक गतिविधिका विवरण उल्लेख गर्दै सरकारमा रहेनहरुले नै सामाजिक सञ्जालमार्फत भ्रम सृजना गरेको जनाउनुभयो। जेन-जी आन्दोलन सम्बन्धी गौरी बहादुर कार्की र मानव अधिकार आयोगका प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै द ग्रे जोन नामक मिडियाले सम्माननीय प्रधानमन्त्री एवम् माननीय गृहमन्त्रीबारे प्रकाशित विवरण सम्बन्धमा सदन तथा नेपाली जनतालाई स्पष्ट जवाफ दिन माग गर्नुभयो।

माननीय सदस्य रोश्री मेचेले सङ्घीय संसद्मा गठित संसदीय विशेष समितिमा राष्ट्रिय सभाको प्रतिनिधित्व नभएकाले राष्ट्रिय सभामा पनि सम्पूर्ण दलको प्रतिनिधित्व हुने गरी समिति निर्माण गर्न माग गर्नुभयो। श्रमजीवी नागरिकले आत्मदाह गर्नुपर्ने घटनाको छानबिन, राहदानी, राष्ट्रिय परिचय पत्र तथा सवारी चालक प्रणालीमा पटकपटक देखिने समस्या सम्बोधन, अस्थायी, करार र ज्यालादारी कर्मचारीको सेवा सुविधा, लोककल्याणकारी विज्ञापनको बजेट कटौती, मानव-हात्ती द्वन्द्व व्यवस्थापन एवम् किसानलाई क्षतिपूर्ती दिन कानूनी सुनिश्चितता लगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य जगत बहादुर पार्कीले नेपालमा भएका ऐतिहासिक आन्दोलन र घटनाक्रमको स्मरण गर्दै जेन-जी आन्दोलन पश्चात गठित सरकारले आफ्ना प्रतिवद्धता एवम् नागरिक अपेक्षा अनुरुप कार्य गर्न नसकेको बताउनुभयो। माननीय अर्थमन्त्रीको भारत भ्रमणको क्रममा भारतीय समकक्षीसँगको भेटमा राष्ट्रिय झण्डा नराखिएको विषय उठान गर्दै कुटनीतिक अपरिपक्कता एवम् भूराजनीतिक खिचातानीमा परेको जनाउनुभयो। लोककल्याणकारी विज्ञापनको नीतिमा परिवर्तन हुँदा मोफसलका साना लगानीका एवम् मातृभाषका सञ्चार माध्यम प्रभावित भएको जनाउँदै स्वतन्त्र प्रेस माथि प्रहार गर्दा लोकतन्त्र नै कमजोर हुने उल्लेख गर्दै निर्णय पुनरावलोकन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रपति कार्यालयबाट प्राप्त पत्रको देहाय बमोजिमको बेहोरा जानकारी गराउनुभयोः-

"विषयः दैनिक प्रशासनिक कार्य गर्न तोकिएको सम्बन्धमा।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलबाट सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाह सम्वत् २०८३ साल असोज ६ गते मङ्गलबार संयुक्त राष्ट्रसंघको ८१ औं महासभामा सहभागी हुन संयुक्त राज्य अमेरिका तर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा माननीय अर्थ मन्त्री डा. स्वर्णिम वाग्लेले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा जानकारी गराउँदछु।

(माहादेव पन्थ)

सचिव

२०८३ असोज ६"

तदुपरान्त, सम्माननीय अध्यक्षले बैठक आजै १० मिनेटको लागि स्थगित भएको बेहोरा जानकारी गराउनुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले १० मिनेटको लागि स्थगित गरिएको बैठकको कारवाही प्रारम्भ भएको जानकारी गराउनु भयो।

तदुपरान्त, मन्त्रालयगत प्रश्नोत्तर कार्यक्रममा प्रश्नकर्ता माननीय सदस्य रुकमिणी कोइराला र माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले आफ्नो प्रश्न सोध्नु हुँदा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दीपक कुमार साहले माननीय सदस्यहरुले सोध्नुभएको प्रश्नको जवाफ दिनुभयो।

त्यसपछि, मन्त्रालयगत प्रश्नोत्तर कार्यक्रममा प्रश्नकर्ता माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले आफ्नो प्रश्न सोध्नु हुँदा माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले माननीय सदस्यले सोध्नुभएको प्रश्नको जवाफ दिनुभयो।

तत्पश्चात, सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय अर्थ मन्त्री डा. स्वर्णिम वाग्लेले "लोक सेवा आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन" पेस गर्नुभयो।

त्यसपछि, विकास, आर्थिक मामिला तथा सुशासन समितिका माननीय सभापति कृष्ण प्रसाद पौडेलले "विकास, आर्थिक मामिला तथा सुशासन समितिको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन" पेस गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले मिति २०८३ साल असोज ९ गते देखी ११ गतेसम्म देशभरीका विभिन्न स्थानमा भारी देखी अति भारी वर्षाको पूर्वानुमान सम्बन्धमा देहाय बमोजिमको सम्बोधन गर्नुभयोः-

"माननीय सदस्यहरू, नेपाल मौसम विज्ञान विभागका अनुसार उत्तर अन्डमान सागर र आसपासको क्षेत्रमा विकसित न्यून चापीय क्षेत्र हाल बङ्गालको खाडीको मध्य भूभाग आसपासमा रहेको र उक्त प्रणाली थप शक्तिशाली बन्दै बलियो न्यून चापीय क्षेत्र भई पश्चिम- उत्तरपश्चिम दिशातिर सर्दै जाँदा यसको प्रभाव बढ्दै गएको अवस्थामा मिति २०८३ साल असोज ९ गते देखी ११ गतेसम्म हाम्रो देशभरीका विभिन्न स्थानमा भारी देखी अति भारी वर्षाको सम्भावना र अधिकांश स्थानमा मेघगर्जन/ चट्याङ्ग सहित मध्यमसम्म वर्षाको सम्भावना रहेको छ। सम्भावित वर्षाको कारणले भू-क्षय, बाढी, पहिरो तथा ग्रेगान बहावको जोखिम रहेकोले शहरी तथा तराइ क्षेत्रहरूमा डुबानको जोखिम रहने, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने, दैनिक जन-जीवन, कृषि, स्वास्थ्य, पर्यटन लगायत नदीक्षेत्र आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकोले नेपाल मौसम विज्ञान विभागले पूर्व सूचना प्रकाशित गरी आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउन सर्वसाधरण तथा सबै सरोकारवालालाई

आह्वान गरेको छ।

विगतका अनुभवहरूलाई हेर्दा भारी वर्षाको कारण बाढी, पहिरो र डुवान जस्ता प्राकृतिक विपद् आई जनधनको ठूलो क्षति हुन सक्ने उच्च जोखिम रहन्छ। सो अवधिमा उच्च सतर्कता अपनाउन, आधिकारिक र अद्यावधिक सूचनाको जानकारी लिन, अत्यावश्यक बाहेक यात्रा नगर्न, जोखिमयुक्त स्थानमा नबस्न र सुरक्षित रहन सबैलाई अपिल गर्दछु।

जोखिम न्यूनीकरण र प्रतिकार्यको लागि सङ्घ, प्रदेश, स्थानीय तह लगायतका सरकारी संयन्त्रलाई सक्रिय एवं पूर्वतयारी अवस्थामा रहन साथै नागरिक समाज, गैरसरकारी संस्था, स्थानीय समुदायसँग समन्वय कायम गरी साझेदारीमा कार्य गर्ने वातावरण बनाउन र सम्भावित जोखिम र त्यसबाट पर्ने प्रभावबारे नागरिकलाई सुसूचित गराई सचेतना अभिवृद्धि गर्न समेत सम्बद्ध सबैलाई निर्देश गर्दछु।"

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८३ साल असोज १२ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)
महासचिव